५१६ - ५३९

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४१४/२०७२/०७३

निर्णय नं. ५३९

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ..........................................२ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय, जुम्ला ............................................................१ विपक्षी

सूचना अधिकारी, जिल्ला स्वास्थ्य कार्यालय, जुम्ला ............................................................१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल, समेतले, जिल्ला स्वास्थ्य कार्यालय, जुम्ला समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।१२ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०६।२७ को आदेश बमोजिम, जिल्ला स्वास्थ्य कार्यालय, जुम्लालाई मिति २०७२।०६।२८ च.नं. ३६१ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त जिल्ला स्वास्थ्य कार्यालय, जुम्लाको मिति २०७२।०८।२०, च.नं. २९६, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस आयोगलाई प्रेषित गरी बोधार्थ मार्फत पुनरावेदकलाई पनि जानकारी गराईएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| ..................... | ..................... | ..................... |
| यशोदादेवी तिम्सिना | किरणकुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७२ साल माघ ०६ गते रोज ४ शुभम् ।